## परिच्छेद २१

## कोषको स्थापना तथा सञ्चालन

९३. कोषको स्थापनाः- (१) सहकारी बाट कृषि तथा गैह्र काष्ठ वन पैडावर (जडीवुटी) व्यवसाय प्रवर्धन गर्नका लागि एक छुटट्टै कृषि तथा गैह्र काष्ठ वन पैडावर (जडीवुटी) व्यवसाय प्रवर्धन कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् स्-

(क) संघीय तथा प्रादेशिक सरकारबाट प्राप्ति रकम,

(ख) नगर पालिका बाट विनियोजित वापत प्राप्ति रकम,

(ग) नेपाल सरकार बाट विदेशी सरकार, अन्तराष्ट्रिय संघ संस्था सँग सम्झौता गरी स्थानीय तहमा विनियोजित रकम वापत प्राप्ति रकम,

(घ) गरिवी निवारण संग सम्वन्धित अन्य स्रोतहरुबाट प्राप्ति रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि संघीय अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

९४. कोषको सञ्चालनः- (१) नगरपालिकाको नीति, कानुन तथा निर्देशन बमोजिम सहकारीवाट कृषि तथा गैह्र काष्ठ वन पैडावर (जडीवुटी) व्यवसायको प्रवद्र्धन गर्ने विउ पूजी लगायतका कार्याहरुको लागी कोषको रकम खर्च गरिनेछ ।

(२) कोषको सचिवालय नगरपालिकाको आर्थिक विकास समितिको कार्यालयमा रहनेछ ।

९५. कोषको सञ्चालन सम्बन्धी व्यवस्थाः- (१) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च दफा (९३) बमोजिमको कोषबाट तोकिए बमेजिम गरिनेछ ।

(२) समितिको कोषमा रहेको रकम समितिले प्रचलित कानून बमोजिम कुनै बैकमा खाता खोली जम्मा गरिनेछ ।

(३) समितिको कोषको सञ्चालनः- समितिको अध्यक्ष, सदस्य-सचिव र लेखापाल मध्य कुनै दुईको दस्तखत बाट आर्थिक कारोवार गरिनेछ ।

(४) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९६. लेखा र लेखापरीक्षण (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षक बाट हुनेछ ।

